



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क २०२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ साउन २० गते बुधबार ❑ 4 Aug. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## आएको खोप स्टक राख्दैनौं: मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ साउन**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले कोरोना बिरुद्धको खोप आएको एक मिनेट पनि स्टकको रुपमा नराख्ने बताएका छन्।

गण्डकी प्रदेशको नीति तथा योजना आयोग अर्न्तगत प्रदेश स्तरिय विकास समस्या समाधान समितिको मंगलबार पोखरामा भएको बैठकमा वोल्दै मुख्यमन्त्री पोखरेलले कोरोना बिरुद्धको खोप आएको अबस्थामा तत्काल लगाउने एक मिनेट पनि होल्ड नगर्ने बताएका हुन् । उनले भने "अन्य प्रदेशको तुलनामा हाम्रो प्रदेशमा खोप भण्डारण गर्ने क्षमता पनि बढी छ, खोप आएको १ मिनेट पनि होल्ड नगरी खोप लगाउने पक्षमा हामी रहेका छौं ।" स्वास्थ्यको तल देखि माथिसम्मको टिमसँग समन्वय गरी आफुहरुले काम गरेकोले खोप ल्याउन र खोल लगाउन कुनै समस्या नहुने उनको भनाई थियो । संघीय सरकारले कुल बजेटको करिब ७० प्रतिशत संघमै राखेर बाँकी ३० प्रतिशत बजेट स्थानिय र प्रदेश सरकारलाई विनियोजन गर्नु नै गलत भएको टिप्णी गरे । संघीयतालाई संस्थागत गर्न र नेपालको आर्थिक विकास र समृद्धि हासिल गर्न संघिय



सरकारले ७० प्रतिशत बजेट राख्नु नै तुर्टीपूर्ण भएको उनको दावी छ।

उनले भने "नेपाली जनताले धेरै आशा र भरोसा गरेका छन, संघिय सरकारले न्यूनतम बजेट विनियोजन गरेर जनताको आवश्यकता कहिले पुरा हुन सक्छ, स्थानिय र प्रदेश सरकारलाई जबसम्म मजबुत पार्न सकिदैन तवसम्म संघियताको संस्थागत विकास हुन सक्दैन ।" कम बजेट ,कर्मचारी समस्या, श्रोत साधनको पहिचान गर्न नसक्नु, दक्षकर्मचारीको अभाव लगायतका कारणले स्थानिय र प्रदेशको विकास द्रुत गतिमा हुन नसकेको मुख्यमन्त्री पोखरेलले गुनासो गरे। वर्षौदेखिको केन्द्रिकृत सोचको मानसिकता र त्यसको व्यवहार अझै कायम रहेको उनको दाबी छ । बैठकबाट आएका सुझावलाई मनन गरी प्रदेशको आर्थिक विकास र समृद्धिसंगै प्रदेशबासीको हकहितको लागि आफुहरु कटिवद्ध भएको मुख्यमन्त्री पोखरेलको भनाई छ । गण्डकी प्रदेशको निती तथा योजना आयोगका उपाध्यक्ष डा. रघुराज काफ्लेले योजना बैंकबाट जनताको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने बताए । तथ्याङ्क एकीकृत प्रणालीको सिस्टम समेत विकास गर्नुपर्ने बताएका उनले प्रतिवेदनहरु समयमै पेश गर्ने र त्यसको समिक्षा गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा गण्डकी प्रदेश सभा सचिव हरिराज पोखरेलले प्रदेश सभा कार्यालयको भवन पुरानो र जिर्ण भएकोले प्रदेश सभाको भवन बनाउने बिषयमा कसैको चासो नगएको गुनासो गरे।

मुख्यमन्त्री तथा मन्त्रीपरिषदका सचिव इन्दु घिमिरेले कर्मचारी पदपूर्तिमा समस्या भएको बताइन् । अर्थ मन्त्रालयका सचिव रमेश केसीले अझै पनि एक तिहाइ काम असारमा गर्ने र रकमान्तर गर्ने परिपार्टीले निरन्तरता पाउदै आएकोले बजेट व्यबस्थापनमा समस्या आएको बताए। हाल प्रदेका थप मन्त्रालयहरु विस्तार गरेसंगै बजेट व्यबस्थापनमा कठिन भएको उनको भनाई थियो।

कार्यक्रममा सहभागी विभिन्न विषयगत मन्त्रालयका सचिवहरुले आर्थिक अभाव, कर्मचारी अभाव, भौतिक संरचनाको अभाव, वन सम्बन्धि कानुन लगायतका कारणले गर्दा चाहेर पनि धेरै विकास गर्न नसकिएको बताएका थिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषदका प्रमुख सचिव डा.दामोदर रेग्मीले अहिलेको अबस्थामा धेरै चुनौती भएकोले त्यसको सामना गर्न सवै एक हुनु पर्नेमा जोड दिए। विभिन्न क्षेत्र र सामाजिक संजालमा आएका गुनासो र सार्वजनिक चासोको बिषयलाई समेत सम्बन्धित मन्त्रालयले ध्यान दिनुपर्ने उनको भनाई थियो।

## ४१ राजनीतिक दलको दर्ता खारेज

**रासस**
**काठमाडौं, १९ साउन**

निर्वाचन आयोगले ४१ राजनीतिक दलको दर्ता खारेज गरेको छ। लगातार तीन वर्षसम्म लेखापरीक्षण प्रतिवेदन समयभित्रै नबुझाएकाले दर्ता खारेज गरिएको हो।

आयोगको आजको बैठकले खारेज भएका राजनीतिक दलको नाम, झण्डा, चिह्न दर्ता खारेज भएको मितिले एक वर्षसम्म अन्य कुनै दलले प्रयोग गर्न नपाउने निर्णय गरेको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । बुधबारदेखि लागू हुने गरी ४१ दलको दर्ता खारेज भएपछि अब आयोगमा ९५ दलको मात्र दर्ता कायम रहनेछ। दल दर्ता खारेजभएका ४१ राजनीतिक दलका केन्द्रीय पदाधिकारी र सदस्यको नाम नामेसीसहितको विवरण छुट्टाछुट्टै तयार गरी निजहरूबाट आयोगबाट प्रत्येक राजनीतिक दललाई तोकिएको जरिवाना रकम रु ५० हजार सरकारी बाँकी सरह असुलउपर गर्न कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय बबरमहल काठमाडौंमा लेखी पठाउने निर्णय भएको छ।

जरिवाना रकम असुलउपर नभएसम्मको अवधिको लागि खारेज भएका दलका केन्द्रीय पदाधिकारी तथा सदस्य आयोगमा दर्ता कायम रहेका अन्य राजनीतिक दलको पदाधिकारी बन्न नपाउने तथा नयाँ दल दर्ता हुँदा र कायम रहेका दल अद्यावधिक गर्दाका बखत नाम ठेगाना भिडाइ मात्र कानूनबमोजिम अग्रिम कारवाही प्रक्रिया अगाडि बढाउनेसमेत निर्णय भएको छ। दर्ता भएका राजनीतिक दलले आफ्नो आय र व्ययको वास्तविक हिसाबकिताब देखिने


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पत्रकारका लागि अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
**कास्की, १९ साउन**

नेपाल पत्रकार महासङ्घ कास्कीद्वारा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी पत्रकारिता विषयक अभिमुखीकरण तालिम आज पोखरामा सम्पन्न भएको छ।

केयर नेपालको सहकार्य एवं पत्रकार महासङ्घ कास्कीद्वारा भर्जुअलरूपमा आयोजित लैङ्गिक समानता र सामाजिक समावेशीकरणको विषयलाई पत्रकारिताको क्षेत्रबाट उठान गर्नुअघि अपनाउनुपर्ने सचेतनाबारे जानकारी गराउने तालिमको लक्ष्य रहेको छ। नेपाल पत्रकार महासङ्घका केन्द्रीय कार्यवाहक अध्यक्ष रमेश विष्टले पत्रकार महासङ्घ कास्कीले कोरोनाको समयमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै पत्रकारलाई विषयगत अध्ययनमा टोवा पुऱ्याउने उद्देश्यले आयोजित तालिमबाट समाचार सम्प्रेषणमा सञ्चारकर्मीलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

पत्रकार महासंघ गण्डकी प्रदेशका अध्यक्ष नारायण शर्माले लैङ्गिक समानता विषयमा नीतिगत अवधारणा ल्याउनुपर्नेमा जोड दिँदै जातीय, वर्गीय, सामाजिक अवस्थालाई ख्याल गर्दै निर्भिक पत्रकारिताले सामाजिक समावेशीलाई अगाडि बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा पत्रकार प्रकाश लामिछानेले नेपाली पत्रकारितामा समयसँगै क्रमिक सुधार आएको बताउँदै २०६२/०६३ पछिको राजनीतिक परिवर्तनसँगै समाजले पनि परिवर्तनको अपेक्षा गरेको बताउनुभयो।

नेपाली पत्रकारिताको क्षेत्रमा पनि महिलाको सहभागिता कम भएको तथ्याङ्क प्रस्तुत गर्दै उहाँले नेपाल पत्रकार महासङ्घका १२९ शाखामा जम्मा १३ हजार ७६ पत्रकारमध्ये दुई हजार ४०२ मात्र पत्रकार महिला रहेको जानकारी दिनुभयो। कार्यक्रममा केयर नेपालका सुजना सिंहले लैङ्गिकताको


बाँकी अन्तिम पृष्ठमा ▶▶


## मनाङमा १८ वर्षमाथिका सबैले लगाए कोभिड विरुद्धको खोप

**रासस**
**मनाङ, १९ साउन**

हिमाली जिल्ला मनाङका १८ वर्षमाथिका सबै नागरिकले कोभिड-१९ विरुद्धको खोप दुवै मात्रा लगाएका छन्।

अठार वर्षभन्दा माथिका सबै नागरिकलाई खोप लगाइएको स्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले जानकारी दिनुभयो । अठार वर्षमाथिका सबैलाई कोभिडविरुद्धको खोप लगाउने पहिलो जिल्ला मनाङ बनेको छ । उहाँका अनुसार जिल्लाका चार हजार १९८ नागरिकलाई कोभिडविरुद्धको खोप लगाइएको छ। तीमध्ये एक सय ६५ जनाले कोभिशिल्डको दोस्रो खोप लगाउन बाँकी रहेको आचार्यले बताउनुभयो। मनाङमा दुई हजार ९६ जनाले एस्ट्राजेनेकाको कोभिशिल्ड खोप, दुई हजार २७ जनाले जोन्सन एण्ड जोन्सनको खोप र ७५ जनाले भेरोसेलको पूर्ण खोप लगाएको आचार्यले बताउनुभयो।

स्वास्थ्य कार्यालयले मनाङमा खोप लगाउन योग्य नागरिक छ हजार २०० रहेको बताएको थियो । अन्य नागरिक कामको सिलसिलामा देशविदेशमा रहेकाले खोप लगाउने नागरिकको सङ्ख्या चार हजार १९८ रहेको आचार्यले जानकारी दिनुभयो। जिल्ला बाहिर रहेका नागरिक आएमा उनीहरुलाई पनि स्वास्थ्य कार्यालयले खोप उपलब्ध गराउने व्यवस्था गरेको उहाँले बताउनुभयो। देशैभर खोपको अभाव रहेको अवस्थामा खोप लगाउन पाउँदा खुशी लागेको पर्यटन व्यवसायी विनोद गुरुङ बताउनुहुन्छ। उहाँका अनुसार नागरिकले कोभिड-१९ को सङ्क्रमण जोखिममा खोप लगाउन पाएकोमा सुरक्षित महसुस गरेका छन् । प्राकृतिक विपद् र विश्वव्यापी महामारीले मानवीय क्षति हुन नदिन दुर्गम जिल्ला मनाङलाई मागअनुसारको खोप उपलब्ध गराएको गण्डकीका स्वास्थ्यमन्त्री मधुमाया अधिकारी गुरुङले बताउनुभयो । "प्रदेशका सबै जिल्लामा कोभिडविरुद्धको पूर्ण मात्रा खोप पुऱ्याउने लक्ष्य हो, तर विकट जिल्ला मनाङलाई प्राथमिकतामा राखी खोप उपलब्ध गरायौँ, अन्य जिल्लालाई पनि पूर्णरुपमा खोप उपलब्ध गराउने कसरतमा छौँ।"

## तीन हजार ३८३ मा कोरोना, २४ को मृत्यु

**रासस**
**काठमाडौं, १९ साउन**

नेपालमा गएको २४ घण्टामा तीन हजार ३८३ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार आज १६ हजार ७१८ जनामा परीक्षण गर्दा तीन हजार ३८३ जनामा सङ्क्रमण देखिएको हो । यस्तै गत २४ घण्टामा एक हजार ९९४ जना यो सङ्क्रमणबाट मुक्त भएका छन् । नेपालमा अहिलेसम्म छ लाख ६० हजार ११६ जना यो सङ्क्रमणबाट मुक्त भएका र निको हुने दर ९४ प्रतिशत रहेको छ।

यस्तै गएको २४ घण्टामा सङ्क्रमणबाट २४ जनाको निधन भएको छ। आज निधन भएकासँगै नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट नौ हजार ९२२ जनाको ज्यान गएको छ । हाल मृत्युदर भने १ दशमलव ५ प्रतिशत रहेको छ । हाल सघन उपचार कक्ष (आइसियु) मा ६८६ जना र भेन्टिलेटरमा १६२ जना उपचार गराइरहेका पनि मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ।

त्यसैगरी २९ हजार ७२२ होम आइसोलेशनमा रहेका छन् भने तीन हजार ३७ संस्थागत आइसोलेसन र ३७१ क्वारेन्टिनमा रहेको पनि तथ्याङ्कमा उल्लेख गरिएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ३२ हजार ५९ रहेको छ।

## पारस खड्काद्वारा अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास घोषणा

**रासस**
**काठमाडौं, १९ साउन**

नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले अन्तर ाष्ट्रिय क्रिकेटबाट सन्न्यास लिने घोषणा गर्नुभएको छ।

उहाँले क्रिकेट यात्रामा साथ, समर्थन, माया र हौसला दिने सबैप्रति ऋणी रहने भन्दै मंगलबार सामाजिक सञ्जालमार्फत सन्यास घोषणा गर्नुभएको हो । उहाँले नेपालका लागि खेल्नु आफ्नो जीवनको सर्वश्रेष्ठ उपलब्धि हो भन्नुभएको छ । मैदानभित्र दुई दशक रहुन्जेल मीठो यादका रुपमा आफूसँग रहने उल्लेख गर्दै खड्काले नेपाली क्रिकेटलाई सबैले मिलेर नयाँ उचाइमा पुऱ्याउने विश्वाससमेत व्यक्त गर्नुभएको छ।




लामो समय नेपाली राष्ट्रिय टोलीको कप्तानी गर्नुभएका खड्काले सम्पूर्ण नेपाली क्रिकेट समर्थक र सरोकारवालाप्रति कृतज्ञता व्यक्त गर्दै अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिने निर्णय लिएको बताउनुभयो । सन् २००२ मा १५ वर्षको हुँदा आफूले क्रिकेट यात्रा शुरु गरेको उल्लेख गर्दै खड्काले आफ्नो जीवनमा देखेको सपना भनेको नै नेपाली क्रिकेटको उन्नति हो भन्नुभयो।

नेपालमा क्रिकेटको विकासका लागि सम्पूर्ण क्रिकेट समाज र सरोकारवालाहरुको संयुक्त प्रयासको आवश्यकता रहेको खड्काको भनाइ छ।

यसका लागि सबैमा इमानदारीको खाँचो भएको उहाँले सामाजिक सञ्जालमार्फत उल्लेख गर्नुभएको छ। तेत्तिस वर्षीय खड्का सन् २००९ मा नेपाली क्रिकेट टोलीको कप्तान बन्नुभएको थियो। उहाँले सन् २०१९ सम्म कप्तानीको भूमिका निर्वाह गर्नुभयो।

खड्काले नेपालका लागि १० एकदिवसीय तथा ३३ टी-२० अन्तर्राष्ट्रिय खेल खेल्नुभयो । दायाँहाते ब्याटस्म्यान उहाँले यस क्रममा एकदिवसीयमा ३१५ रन बनाउनुभयो भने टी-२० मा ७९९ रन बनाउनुभएको थियो। दुवै किसिमका प्रतियोगितामा उहाँ शतक प्रहार गर्न सफल हुनुभएको थियो । खड्काले बलिङसमेत गर्नुभएको थियो। उहाँले १० एकदिवसीय खेलमा नौ विकेट लिनुभएको थियो भने ३३ टी-२० खेलमा आठ विकेट लिनुभएको थियो।



# प्रादेशिक बीउ बिजन प्रयोगशाला भवन शिलान्यास

पोखरापत्र संवाददाता
कास्की, १९ साउन

गण्डकी प्रदेशमा कृषि वस्तुको बीउ बिजन गुणस्तर मापन र परीक्षण गर्दै आएको बीउ बिजन प्रयोगशालाको नयाँ भवन निर्माण हुने भएको छ।

पोखरा महानगरपालिका-१७ बिरौटामा निर्माण गरिने दुई तलाको सुविधासम्पन्न भवनको सोमबार गण्डकी प्रदेशका भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले शिलान्यास गर्नुभयो।

सङ्घीयता कार्यान्वयनपछि साबिकको जिल्ला कृषि विकास कार्यालयको साँघुरो भवनबाट सेवा प्रवाह गर्दै आएको प्रयोगशालाको सुविधासम्पन्न भवन निर्माणपछि काममा सहज हुने विश्वास लिइएको छ।



प्रयोगशाला भवन निर्माणका लागि गत असार २२ गते जिएस इन्जिनीयरिङ एन्ड बिल्डर्स पोखरासँग रु एक करोड ६३ लाख लागतमा ठेक्का सम्झौता गरिएको प्रयोगशालाका प्रमुख एवं वरिष्ठ बाली विकास अधिकृत सुदीप खतिवडाले जानकारी दिनुभयो । पूर्वाधार विकास कार्यालय कास्कीको गत वर्षको स्वीकृत वार्षिक कार्यक्रमअनुसार निर्माण गरिने भवन विसं २०७९ पुस २२ गते भित्रमा निर्माणसम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको छ। प्रमुख खतिवडाका अनुसार दुई तलाको भवनमा तल्लो तलामा बीउ बिजनको प्रयोगशाला रहने र माथिल्लो तला प्रशासनिक कार्यमा प्रयोग गरिने छ । उहाँले भन्नुभयो, "विगतमा भैरहवा कार्यालयले हेर्ने गरे पनि दुई वर्षअघि गण्डकी प्रदेशमा प्रयोगशालाको कार्यालय स्थापना गरिएको थियो । साँघुरो र जीर्ण भवनबाट बीउ बिजन परीक्षण र प्रमाणित गर्ने कार्यमा समस्या भएकामा आफ्नै भवन बनेपछि सहज हुनेछ।"

प्रयोगशालाले बीउ विश्लेषण तथा प्रमाणीकरण, प्रादेशिक बीउ उत्पादकहरुको अनुगमन तथा बीउ व्यापारीहरुको नियमन, रैथाने बाली र प्रजनन बीउ संरक्षण तथा सूचीकृत जातका बीउहरुको बजारीकरण गर्दै आएको बताइन्छ। कार्यक्रममा मन्त्री बुढाले निर्धारित समयभित्र भवन निर्माण सम्पन्न गर्न निर्माण कम्पनीलाई आग्रह गर्नुभयो । गुणस्तरीय बीउको प्रमाणीकरणपछि मात्र कृषि उत्पादन वृद्धि गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो। कार्यक्रममा मन्त्रालयका सचिव सवनम शिवाकोटीले बीउको प्रयोग गर्दा प्रयोगशालाबाट प्रमाणित ट्याग लगाइएको बीउ मात्र प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो।



बद्रीको सहयोग भद्रकालीको छात्रामा : कोरोनाले विद्यार्थीलाई घरमा बस्न बाध्य। घरमा बसेर अनलाइन पढ्न अनिवार्य। अनलाइन पढ्न मोवाइल अथवा ल्यापटप आवश्यक । तर घरमा एउटा मोवाइल पनि छैन। समस्या परेर पढाइवाट बन्चित भएको विद्यार्थीलाई भद्रकाली मेटल वर्क्सपका संचालक तथा समाजसेवी बद्रिकुमार श्रेष्ठले हजुरबा स्व.बाबुलाल श्रेष्ठको तिथिको दिन मंगलवार छात्रा कुमारी विकलाई एक थान मोवाइल प्रदान गरेका थिए। भद्रकाली माविमा कक्षा ८ मा अध्ययनरत कुमारीलाई श्रेष्ठले मोवाइल प्रदान गरेका हुन्। त्यसैगरी श्रेष्ठले प्रदान गरेको अर्को मोवाइल विद्यालयका सहायक प्रधानाध्यापक राजेन्द्र भण्डारीले कक्षा ६ मा अध्ययनरत छात्रा निशा विकलाई पनि एक थान मोवाइल प्रदान गरे। फोटो-पोखरापत्र

# पोखरामा मेरो मनमा चीन विषयक चित्रकला प्रतियोगिता

पोखरापत्र संवाददाता
कास्की, १९ साउन

'मेरो मनमा चीन'शीर्षकमा पोखरामा चित्रकला प्रतियोगिता आयोजना भएको छ।

नेपालको लागि जनवादी गणतन्त्र चीनको राजदूतावासद्धारा आयोजित तथा नेपाल चीन जनमैत्री संघ, पोखराको संयोजनमा प्रतियोगिता आयोजना भएको हो।




प्रतियोगितामा कास्कीका विभिन्न प्राथमिक तथा माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थीहरुले भाग लिएका थिए। प्रतियोगितामा कास्की मोर्डनाइज्ड स्कूलकी सिन्जल पुन पहिलो,कुमुदिनी होम्सकी अविशा पालिखे दोस्रो,कुमुदिनीकै सुहाना गुरुङ तेस्रो र पश्चिमाञ्चल एकेडेमीकका श्याम शर्माले सान्त्वना पुरस्कार स्थान प्राप्त गरे । उनीहरुलाई क्रमशः १०,८/८ र ६ हजार नगदसहित सम्मानित गरियो । प्रतियोगी विद्यार्थीहरु अध्ययनरत विद्यालयलाई थप शैक्षिक सामग्री पनि प्रदान गरिएको नेपाल चीन जनमैत्री संघ,पोखराका अध्यक्ष विश्वशंकर पालिखेले जानकारी दिए । विद्यार्थीहरु कलाका अतिरिक्त अन्य रचनात्मक क्रियाकलापमा समेत सामेल हुन् भन्ने हेतुले ती सामग्री दिइएको उनले बताए । चीनले जनस्तरमै सम्बन्ध बिस्तार गर्ने उदेश्यले यस्ता प्रतियोगिताहरु आयोजनामा ध्यान दिएको पनि उनको भनाइ थियो।

विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्दै प्राज्ञ तथा कलाकार रमेश श्रेष्ठले चित्रकलाकै माध्यमबाट जीवन बाँच्न सकिने भएकाले यो सिर्जजनशीलता मात्रै नभएर पेशा पनि बन्न सक्ने बताए । 'हाम्रो पालामा चित्र कोर्नेहरुलाई हेरेर परिवारका मान्छेले यो बिग्रियो भन्थे',उनले पुराना दिन सम्झँदै भने,' तर, म यही पेशाले बाँचेको छु, राम्रो चित्र बनाउने मान्छे चित्र बनाएरै बाँच्न सक्छन् ।' चित्रकारितालाई विशेष महत्व दिएकाले आउँदो १० वर्षमा चीन संसारकै प्रमुख कला केन्द्र बन्ने उनले अनुमान लगाए।

## पत्रकारका...

अवधारणालाई पुरुष र महिलामा मात्र सीमितनराखीसमानताकाविविधतामासञ्चार क्षेत्रले विशेष ख्याल राख्नुपर्नेमा जोड दिनुभयो । अभिमुखीकरण तालिममा केयर नेपालकी मनोरमा सुनुवारले स्रोतमा असमान पहुँच, सहभागिता, अवसरबाट वञ्चितीकरणमा परेका समाजका लैङ्गिक, जाति, भाषिक, धार्मिक, शारीरिक अपाङ्गतालगायतका विभिन्न विषयमा ध्यान दिनुपर्ने बताउनुभयो । नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा महिला उपाध्यक्ष जमुना शर्मा, सहसचिव श्रीराम सिग्देललगायतले पत्रकारिता क्षेत्रको विकासमा तालिमको महत्वमाथि प्रकाश पार्नुभएको थियो।




# कञ्चनपत्रकारिता पुरस्कारशान्ति गुरुङ र केबी रानालाई

पोखरापत्र संवाददाता
कास्की, १९ साउन

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज), गण्डकीद्वारा सञ्चालित 'कञ्चन पत्रकारिता पुरस्कार-२०७८' शान्ति गुरुङ (कास्की) र केबी रानामगर(नवलपुर) लाई प्रदान गरिने भएको छ।

प्रतिभा छनोट समितिले गरेको सिफारिस अनुसार महासंघको मंगलबारको बैठकले नाम अनुमोदन गरेको अध्यक्ष एमबी आस्थाले जानकारी दिए । पुरस्कार राशि जनही २५ हजार र सम्मानपत्र छ।

अधिवक्ता सुरेन्द्र थापामगर संयोजक समितिको प्रतिभा छनोट समिति सदस्यमा अधिवक्ता जूना कुमारी गुरुङ, पत्रकार हुम गुरुङ तथा एमबी आस्था रुद्र श्रीषमगर थिए। पुरस्कृत हुने गुरुङ रेडियो नेपाल क्षेत्रीय प्रशारण केन्द्र पोखरामाकार्यरत छिन् भने मगर नवलपुरको देवचुली टिभीमा काम गर्छन् । उनीहरुलाई साउन २७ मा पोखरामा समारोह आयोजना गरी पुरस्कृत गरिनेछ। पोखराका प्रतिष्ठित व्यवसायी बिमलमान गुभाजु र उनका परिवारले आफ्ना बावुआमा वेदमान गुभाजु र नेत्रकुमारी गुभाजुको स्मृतिमा सो पुरस्कार स्थापना गरेका हुन्।

गण्डकी प्रदेशलाई कार्यक्षेत्र बनाई क्रियाशील २ पत्रकारलाई हरेक वर्ष सो पुरस्कार प्रदान गरिँदै आएको छ। यसअघि बागलुङका राजेन्द्रमान राजभण्डारी र कास्कीका रुद्रबहादुर थापालाई सो पुरस्कार अर्पण गरिएको थियो।

## ४१ राजनीतिक...

गरी लेखा राख्नुपर्ने र आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको लेखा परीक्षण कानूनबमोजिम इजाजत प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराई एक महिनाभित्र आयोगमा पेश गर्नुपर्ने व्यवस्था छ।

आयोगले अवधि समाप्त भएको ४५ दिनभित्र त्यस्तो दललाई त्यसरी लेखा परीक्षण प्रतिवेदन पेश नगर्नुको कारण खुलाइ स्पष्टीकरण पेश गर्न आदेश दिन सक्नेछ। लगातार तीन वर्षसम्म लेखा परीक्षण प्रतिवेदन आयोगमा नबुझाउने राजनीतिक दललाई आयोगले त्यस्तो काम कारवाही छ महिनाभित्र सच्च्याउन आदेश दिन सक्ने छ । तोकिएको अवधिभित्र काम कारवाही नसच्च्याएमा त्यस्तो दललाई आयोगले तत्काल हुने एक निर्वाचनमा भाग लिन नपाउने गरी आदेश दिन सक्ने व्यवस्था रहेको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो। राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिमको कसुर एक पटकभन्दा बढी गरेमा वा दिएको आदेश एक वर्षभित्र पालना नगरेमा वा तोकिएको जरिवाना नबुझाएमा आयोगले त्यस्तो दलको दर्ता खारेज गर्नसक्ने समेतका कानूनी व्यवस्था छ।

# गोरु काटेको अभियोगमा छ पक्राउ


पोखरापत्र संवाददाता
कास्की, १९ साउन

कास्कीको माछापुच्छे गाउँपालिका-२ मा गोरु काटेको अभियोगमा छ जनालाई प्रहरीले पक्राउ गरेको छ।

प्राप्त सूचनाका आधारमा उक्तवडाका जीतबहादुर तमाङ, कूलबहादुर विश्वकर्मा, कुमार श्रेष्ठ, अभिनास तामाङ, अरुण तामाङ र सुकमाला तामाङ रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुवास हमालले जानकारी दिनुभयो।

उहाँका अनुसार पशुपक्षीसम्बन्धी कसूर गरेको आरोपमा निजहरूलाई जिल्ला अदालतबाट नौ दिने म्याद लिइ अनुसन्धान थालिएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ। -गीता

## सम्पादकीय

# देउवाको कुकाम

कोरोनाको तेस्रो लहर आउन सक्ने चेतावनी स्वास्थ्य मन्त्रालयले दिएको छ । एक सातादेखि कोरोना संक्रमितको संख्या घट्न सकेको छैन । घना वस्ती भएका जिल्लामा संक्रमितको संख्या बढिरहेको छ। जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा साउन महिना सम्म जारी राखेका छन । यही बेला देश बाढी पहिरोबाट आक्रान्त छ। अर्थतन्त्र र जनजिविका सङ्कटमा छन् । सिमानामा भारतीय सुरक्षा बलको अमानवीय र क्रुर ब्यवहारले गर्दा युवाले ज्यान गुमाउनु परेको छ । नेपालमाथि भारतको हेपाह ब्यवहार कायम छ। यस्तो बेला देशका सबे राजनीतिक शक्ति, नागरिक समाज एकताबद्ध भएर जुध्नुपर्ने खाँचो छ। देशमाथि आएको चुनौती सबै मिलेर सामना गर्नुपर्ने बेला सरकार देशलाई मुठभेडमा लान खोज्दैछ। अहिले सरकारले सबैको साथ र सहयोग लिएर युद्धस्तरमा काम गर्नुपर्दथियो । प्रधानमन्त्री देउवाले भने सरकारले विश्वासको मत पाएको तीन साता लाग्दा पनि मन्त्रिपरिषद्लाई पूर्णता दिन सकेका छैनन् । सत्ता गठबन्धनका नेताहरू र काङ्ग्रेस भित्र पनि सबै पक्षलाई मिलाएर मन्त्रिपरिषद् गठन गर्नुपर्ने बेला पुर्वबर्ती केपी शर्मा ओली सरकारले गरेका निर्णय खारेज गर्ने कामलाई प्राथमिकता दिएको छ। यो सरकारको उल्टो कदम हो।

गठबन्धन सरकार हुनाले सहमति जुटाउन केही समय लाग्नु स्वभाविक होइन। त्यस्तै अवस्थामा पनि प्रधानमन्त्रीले आफ्नो पार्टीबाट गर्नुपर्ने जति मन्त्री नियुक्त गरेर अन्योलको अन्त्य गर्नुपर्थ्यो। मन्त्रीले गर्ने काम सबैभन्दा आफैंले सकेर अरूलाई साक्षी राख्ने ब्यवहार प्रधानमन्त्री देउवाले देखाएका छन । गठबन्धनका अरू नेतालाई विश्वास गर्नु र अरुले विश्वास गर्ने वातावरण देउवा स्वयंले गर्नुपर्छ। योजना अरु बेला जस्तो सहज रुपमा निर्वाचन जितेर आएको होइन । सर्वोच्च अदालतको परमादेशले बनेको सरकार होइन। प्रतिनिधि सभाका सबै दलको मन जितेर काम गर्ने अपेक्षा धेरैको थियो ।यस्तो बेला प्रतिशोध साँध्ने काम गर्नुहुँदन। पाँचौपटक प्रधानमन्त्री भएका देउवालाई गठबन्धन सञ्चालनको तरिका अरूले सिकाउनु पक्कै नपर्ला ! अरुले विश्वास गरेको र अदालतले भरोसा गरेर राजपाठ जिम्मा लगाएको ब्यक्तिले असहिष्णु ब्यवहार देखाउन मिल्दैन। संसद्को सबैभन्दा ठूलो दल नेकपा एमालेसँग प्रतिशोधको भावनाले काम गर्दा सरकार आफ्नो बाटोमा सहजरूपमा हिड्ने सक्दैन।

'न्यूनतम साझा कार्यक्रम' निर्माण पछि मन्त्रिपरिषद् विस्तार हुने प्रचार गरिएकोमा छ। कहिल्यै कार्यान्विनय नहुने साझा कार्यक्रममा तमासा धेरैपटक देखिइसकेको छ। साझा चुनावी घोषणापत्र बनाएर गएका दुईवटा कम्युनिस्ट पार्टी मिल्न नसकेपछि अहिलेको अवस्था आएको होइन। विपरीत सिद्धान्त भएका दलको माया प्रिति लामो र गाढा हुन्छ भनेर जनताले पत्याउने अवस्था छैन । शासन चलाउन उच्चस्तरीय संयन्त्र, सरकारको आधिकारिक नीति र कार्यक्रमबाहेकका साझा कार्यक्रमहरूजस्ता उपायहरू प्रधानमन्त्रीलाई नियन्त्रण गर्न गरिने असंवैधानिक अभ्यासमात्र हुन् । यस्तो पासो थापेपछि सरकार स्वःस्फूर्तरूपमा सञ्चालित हुनसक्तैन । अरुका लागि कम्फर्टेवल हुन्छ।

संसदीय शासन प्रणालीमा प्रधानमन्त्रीलाई निर्धक्कसँग काम गर्न दिइनुपर्छ । प्रधानमन्त्रीले लोकतान्त्रिक शासनको मर्मविपरीत आचरण गरेमा उनलाई दिएको समर्थन फिर्ता लिएर हटाउनुपर्छ । प्रधानमन्त्रीलाई देखाएर पर्दापछाडिबाट अरूले हैकम चलाउन खोज्नु 'द्वैध शासन'को अभ्यास हो । कोभिड-१९ र बाढीपहिरोबाट आक्रान्त जनताको उद्धार, पुनःस्थापना र पुनःनिर्माणमा ध्यान दिए पुग्छ । सुरूमै सरकारले 'नमच्चिने पिङको सय झड्का' भन्ने उखान चरितार्थ गर्ने गरि एमाले नेतृत्वको सरकारले गरेका निर्णय खारेज गरेर आफैंलाई घाटा बनाउने काम गरेको छ। आउदो चुनावमा गलपासो हने कामका पछाडि नलाग्नु नै बुद्धिमानी हुनेछ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सम्मान मिल्नेछ | तुला | झमेला बड्ने |
| वृष | सहयोग मिल्नेछ | वृश्चिक | कार्यमा सफलता |
| मिथुन | मन चञ्चल | धनु | अप्रत्यसित लाभ |
| कर्कट | मानसिक तनाब | मकर | शारीरिक झमेला |
| सिंह | आर्थिक समस्या | कुम्भ | शत्रुको भय |
| कन्या | सत्कार मिल्नेछ | मीन | ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# साहसिक पर्यटक पर्खंदै अग्लो बन्जी पुल

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ साउन**

कोभिड-१९ को दोस्रो लहरअघि दैनिक १०० को हाराहारीमा बन्जी गर्न पर्यटक पुग्ने कुश्मा-बागलङको बन्जी पुल कोरोनाका कारण पुनः बन्द भएको थियो । अहिले स्वास्थ्य मापदण्ड अपनाएर पुनः शुरु गरिएको छ।

पहिलो लहरका कारण सञ्चालनमा ढिलाइ भएको पर्वतको कुश्मा र बागलुङ जोड्ने गरी कालीगण्डकीको खोँचमा निर्माण भएको बन्जी र स्विङ कोरोना कहरले बढी प्रभावित भएको छ। विसं २०७७ कात्तिक १५ देखि सञ्चालनमा आएको बन्जी केही समयमै कोरोनाका कारण बन्द भएको थियो। कोरोनाको दोस्रो लहरअघि पर्यटकले भरिभराउ भइरहेको समयमा पुनः बन्द हुन पुगेको बन्जी र स्विङ पुल अहिले फेरि साहसिक पर्यटकको पखाइमा छ। झण्डै रु २० करोडको लगानीमा सञ्चालनमा आएको बन्जी निषेधाज्ञा खुकुलो भएसँगै पुनः सञ्चालनमा आएको बन्जी र स्विङ सञ्चालन गर्ने द क्लिफ प्रालिले जनाएको छ। दोस्रो लहरपछि बन्द भएको उक्त साहसिक परियोजना निषेधाज्ञा खुकुलो भएसँगै स्वास्थ्य मापदण्ड अपनाएर एक हप्तादेखि सञ्चालनमा आएको द क्लिफ प्रालिका अध्यक्ष राजु कार्कीले जानकारी दिनुभयो।

द क्लिफ प्रालिअन्तर्गत बन्जी, स्विङ, स्काई साइक्लिङ र बागलुङ नगरपलिका-१४ नारायणस्थानमा द क्लिफ रिसोर्टसमेत सञ्चालनमा छ। निषेधाज्ञामा स्काई चियर, प्रार्थना हात लगायतमा अन्य संरचना थपिएका छन् । उक्त संरचना बागलुङको बलेवामा छन् । "अहिले २०/२५ जना पुल र रिसोर्ट अवलोकन गर्ने र आठ/दस जनाले बन्जी र स्विङ गर्न थालेका छन्, स्वास्थ्य मापदण्ड अपनाएर एक हप्तादेखि शुरु गरेका छौँ", अध्यक्ष कार्कीले भन्नुभयो, "दुई महिना ठप्प भयो, अहिले त कर्मचारीलाई तलब खुवाउन पुग्ला, पूर्णरूपमा कोरोना साम्य नभएसम्म लक्ष्यअनुरूपको साहसिक पर्यटक आउन समस्या छ, म्याग्दी, मुस्ताङलगायतका पदमार्ग खुल्ला भएमा बल्ल साहसिक पर्यटक आउनेछन्, अहिले साहसिक पर्यटकको पखाइमा छौं भन्दा हुन्छ।"

उक्त प्रालिअन्तर्गतका साहसिक खेल र रिसोर्टमा ७० जना कर्मचारीले रोजगारी पाएका छन् । पचास प्रतिशत बाह्य पर्यटकको अपेक्षा गरेको बन्जी र स्विङमा अहिले आन्तरिक पर्यटक मात्र छिटफुट आउन थालेको जनाइएको छ। कालीगण्डकीको खोँचमा पर्वतको सदरमुकाम कुश्मा र बाग्लुङको बलेवा जोड्ने आधा किलोमिटर लामो पुल बनाएर बन्जी, स्विङ र स्काई साइक्लिङलगायत सहासिक खेल पर्यटकको प्रमुख आकर्षण बन्दै गए पनि कोरोनाका कारण पहिलो गाँसमै दुङ्गा जस्तो भएको छ। विसं २०७३ देखि पुलको निर्माण शुरु गरिएको थियो भने पुलसँगै रिसोर्टको निर्माण २०७६ मा सकिएको थियो । पाँच सय २५ मिटर लामो झोलुङ्गे पुलको बीचमा कालीगण्डकी नदीको ठीक माथि बन्जी र स्विङका लागि जम्प गर्ने प्लाटफर्म छ। खोलादेखि पुलको उचाइ २२८ मिटर छ । कम्पनीले विश्वकै दोस्रो अग्लो बन्जी र विश्वकै अग्लो स्विङ भएको दाबी गर्दै आएको छ। नेपालका अन्य स्थानभन्दा अग्लो र फरक भौगोलिक वातावरणका कारण यहाँको बन्जी र स्विङप्रति धेरैको आकर्षण छ।

बन्जी र स्विङ दुवैको मूल्य रु सात हजार तोकिएको छ भने जोडी स्विङको रु १२ हजार शुल्क तोकिएको छ। प्रालिको अर्को आकर्षण गुलेली पिङसमेत छ। कालीगण्डकी खोँचको स्काई साइक्लिङ २२८ मिटर अग्लो रहेको प्रालिको भनाइ छ । प्रालिमा कार्कीसहित अन्य पाँच जनाको लगानी छ।

# बाढीपहिराबाट देशभर जनधनको व्यापक क्षति

**रासस**
**काठमाडौं, १९ साउन**

मनसुन शुरु भएयता हालसम्म देशभर ६१९ बाढीपहिरोका घटना भएका छन्। प्रतिनिधिसभाको आजको बैठकमा गृहमन्त्री खाँणले मनसुन शुरु भएयता भएका घटनाबारे जानकारी दिँदै गत जेठ ३१ देखि साउन १९ गतेसम्म देशका विभिन्न जिल्लामा ६१९ प्राकृतिक विपत्तिका घटना भएका बताउनुभयो । ती घटनाबाट सिन्धुपाल्चोक, डोटीलगायत ५६ जिल्लामा ६६ जनाको मृत्यु, ४० जना बेपत्ता र २१ जना घाइते भएका छन्।

देशभर हालसम्म ६९० निजी घर पूर्णरूपमा क्षति र १६२ घरमा आंशिक क्षति भएको छ । विभिन्न ३७ वटा सरकारी कार्यालय क्षति भएका छन् । सिन्धुपाल्चोकलगायत विभिन्न जिल्लामा सातवटा मोटरेबल पुल र २७ वटा झोलुङ्गे पुल तथा ४३ वटा खानेपानी आयोजनामा क्षति पुगेको मन्त्री खाँणले जानकारी दिनुभयो । देशभारका २५ वटा निर्माणाधीन जलविद्युत् आयोजनामा आंशिक क्षति पुगेको छ।

सिन्धुपाल्चोक जिल्लालाई सबैभन्दा बढी प्रभावित पारेको जानकारी दिँदै मन्त्री खाँणले असार १ गते राति मेलम्ची नगरपालिका, हेलम्बु र पाँचपोखरी थाङ्पाल गाउँपालिकामा मेलम्ची, इन्द्रावती र याङ्ग्री तथा लार्के नदीमा आएको बाढीमा परी पाँच जनाको मृत्यु, २० जना बेपत्ता र छ घाइते भएका थिए।

त्यसैगरी ३३८ घर पूर्णरूपमा क्षति भएको छ भने सातवटा पुल, १४ झोलुङ्गे पुल, एक माछा फार्म र ३२ वटा सरकारी भवन तथा मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्ससमेत क्षति पुगेको गृहमन्त्री खाँणले जानकारी दिनुभयो । उहाँले घटनाबारे जानकारी प्राप्त हुनासाथ जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय पालिकाको समेत समन्वयमा जिल्लास्थित सुरक्षा निकायबाट खोज तथा उद्धारको काम गरिएको जानकारी दिनुभयो । विसं २०७८ असार २ गते बिहान ७ बजे गृहमन्त्रीको उपस्थितिमा नेपाली सेनाका रथी, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभागका प्रमुख एवं गृह मन्त्रालयका सम्बन्धित पदाधिकारी र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखसहितको आकस्मिक बैठक बसी खोज तथा उद्धारका लागि नेपाली सेनाको हेलिकप्टर पठाउनुका साथै बाढीबाट विस्थापित परिवारका लागि राहत तथा सहायता सामग्रीसहित पठाइएको थियो।

गृहमन्त्रीको संयोजनमा सबै सुरक्षा निकाय तथा सरोकारवाला विभिन्न मन्त्रालयको बीचमा बैठक बसी क्षति र नोक्सानीको आँकलन गरी पुनःनिर्माण र पुनःस्थापनाको कार्ययोजना बनाई तत्काल कार्य शुरु गर्न निर्देशन भएबमोजिम तथ्याङ्क सङ्कलन गर्ने र सम्भावित जोखिम आँकलन गर्ने काम शुरु गरिएको छ । बाढी आउनुको मुख्य कारण पत्ता लगाउनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुखको नेतृत्वमा खानी तथा भूगर्भ विभाग, जल तथा मौसम विभाग, जलस्रोत तथा सिँचाइ विभाग, त्रिभुवन विश्वविद्यालयका भूगर्भविद् विज्ञ र इञ्जिनीयरिङ अध्ययन संस्थान पुल्चोकका विज्ञलगायतका टोली अवलोकनका लागि गएको थियो।

# बागलुङमा थपिए २८ झोलुङ्गे पुल

**– रामबहादुर थापा**
**बागलुङ, १९ साउन (रासस)**

'झोलुङ्गे पुलको जिल्ला' भनेर चिनिने बागलुङमा २८ नयाँ पुल थपिएका छन् । गलकोटमा पाँच, ढोरपाटनमा चार र जैमिनी नगरपालिकामा दुई पुल बनेका छन् । त्यस्तै निसीखोलामा सात, बडिगाडमा चार, बरेङमा दुई, तमानखोलामा दुई, काठेखोलामा एक र ताराखोला गाउँपालिकामा एक पुल बनेका छन्।

गत आवभित्रमा ३३ पुल निर्माणको लक्ष्य लिइएकामा कोरोनाका कारण केहीको काम पछाडि धकेलिएको हो। निर्माणाधीन अवस्थामा रहेका बाँकी पाँच पुल आउँदो असोजसम्ममा बन्ने झोलुङ्गे पुल निर्माणमा व्यवस्थापकीय र सामाजिक परिचालनको काम गर्दै आएका भीमापोखरा युवा क्लब (बिवाइसी)ले जनाएको छ।

क्लबका कार्यक्रम संयोजक प्रेम केसीका अनुसार ढोरपाटनमा तीन र ताराखोलामा दुई पुल निर्माणाधीन अवस्थामा छन् । चालू आवमा थप ३० पुलको सर्भे पूरा भएर निर्माणको प्रक्रिया अघि बढेको जनाइएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमअन्तर्गत स्थानीय तहले पुलको योजना छनोट र कार्यान्वयन गर्छन् । गलकोट नगरपालिकाका इञ्जीनियर बलविक्रम दाहालले यस वर्ष नगरमा थप दुई झोलुङ्गे पुलका लागि बजेट आएको बताउनुभयो । सर्भे र लागत अनुमान तयार गरी निर्माण प्रक्रिया थालिने उहाँको भनाइ छ। वडा नं ७ मल्मको आँगाखेत-बामिया जोड्ने ६९ मिटर लामोसहित गलकोटका पाँचवटै पुल निर्माण पूरा भएर सञ्चालनमा आइसकेका छन्। बरु बजेट बेलैमा नआएका कारण अघिल्लो वर्षको भुक्तानीमा ढिलाइ भएको नगरपालिकाले जनाएको छ । स्थानीय तहले आवश्यकता पहिचान गरी पुल निर्माणका लागि बजेट माग गर्ने गर्छन् । मन्त्रालयबाट आउने बजेटमा स्थानीय तहले पनि समपूरक कोषबाट रकम थप गर्नुपर्ने प्रावधान छ। नेपाल सरकार र स्वीस सरकारबीचको सम्झौताअनुसार पुल निर्माणमा झोलुङ्गे पुल सहयोग एकाइ (टिबिएसयू)ले प्राविधिक सहयोग गर्दै आएको छ।

तीनै तहका सरकारको लगानी र समन्वयमा झोलुङ्गे पुल निर्माणको काम भइरहेको छ । सङ्घीयतापछि झोलुङ्गे पुल स्थानीय तहको क्षेत्राधिकारभित्र आएको छ । (टिबिएसयू)ले प्रावधिक सहयोगअन्तर्गत गुणस्तर सुनिश्चितता, क्षमता अभिवृद्धिलगायतमा सघाउँदै आएको छ। उक्त एकाइले झोलुङ्गे पुलको लठ्ठा तथा फलामे सामानको व्यवस्थापन र वितरणमासमेत स्थानीय तहसँग समन्वय गर्दै आएको छ । झोलुङ्गे पुलका लागि सङ्घ सरकारले सशर्ततर्फको बजेट उपलब्ध गराउने गरेको ताराखोला गाउँपालिकाका अध्यक्ष प्रकाश घर्तीले बताउनुभयो । कूल बजेटमध्ये झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमको ८५ प्रतिशत, स्थानीय तहको १३ प्रतिशत लगानी र २ प्रतिशत जनश्रमदान जुटाउनुपर्ने उहाँको भनाइ छ। १२० मिटरसम्मका पुल उपभोक्ता समिति र त्यो भन्दा लामा पुल निर्माण व्यवसायीमार्फत बनाउने गरिएको छ । सरकारले देशभरका तुइन विस्थापन गरी झोलुङ्गे पुल बनाउने लक्ष्य लिएको छ। वार्षिक पाँच सय झोलुङ्गे पुल बनाउन सक्ने नेपालको क्षमता छ। झोलुङ्गे पुल रणनीति-२०६२ अनुसार पुल निर्माणको काम भइरहेको क्लबका संयोजक केसीले बताउनुभयो। क्लबले दुई वर्षअघि गरेको सर्वेक्षणअनुसार जिल्लामा ४०० भन्दा बढी झोलुङ्गे पुल छन् । तीमध्ये कतिपय जीर्ण भएका कारण पुनःनिर्माण र केही बृहत् मर्मत गर्नुपर्ने अवस्थामा छन् । यस्तै नौवटा पुराना झोलुङ्गे पुललाई संरक्षण गर्नुपर्ने सूचीमा राखिएको छ।

नेपालमा नयाँ प्रविधिको झोलुङ्गे पुल बन्न लागेको १६ वर्ष पुगेको छ। स्वीस विकास सहयोग (एसडिसी) को सहयोगमा केही दशकयतादेखि स्वीस प्रविधिका झोलुङ्गे पुल बन्न थालेका हुन् । आधुनिक प्रविधि भित्रिनुअघि रैथाने सीप, प्रविधि र सामग्री प्रयोग गरेर झोलुङ्गे पुल बनाइन्थ्यो । आधुनिक प्रविधिको झोलुङ्गे पुल निर्माणमा परम्परागत प्रविधिकै विकसित रुप (जसलाई बागलुङ प्रविधि पनि भनिन्छ) प्रयोगमा छ । हप्तौं लगाएर बोकेर ल्याएको फलामलाई स्थानीय कालिगढले आरनमा गालेर लठ्ठा बनाई झोलुङ्गे पुल बनाउँथे। अहिले पनि यहाँका ग्रामिण भेगमा रैथाने प्रविधिबाट बनेका झोलुङ्गे पुल देख्न पाइन्छ। नयाँ प्रविधि आएपछि लामा र अग्ला झोलुङ्गे पुल बन्ने क्रम पनि बढ्दो छ। गत वर्ष सञ्चालनमा आएको बागलुङ नगरपालिका-१ बाङ्गेचौरबाट पर्वतको पाङ जोड्ने ५६७ मिटर लामो झोलुङ्गे पुल अहिले पर्यटकीयस्थलका रूपमा गनिन थालेको छ।

नगरपालिकाले उक्त झोलुङ्गे पुललाई 'विश्वकै सबैभन्दा लामो' भनेर दाबी गर्दै आएको छ।

**प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य बिकास निर्देशनालय**
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्की**
**गण्डकी प्रदेश, पोखरा**

## भुईं घाँस बिक्री सम्बन्धी शिलबन्दी गोप्य निवेदन आव्हानको सूचना।

**प्रथम पटक प्रकाशित मितिः २०७८/०४/२०**

यस कार्यालयको कम्पाउण्ड हाताभित्र उत्पादन हुने भुईं घाँस काट्न ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि सहित निम्न लेखिएको शर्तको परिधि भित्र रहने गरि निवेदन दिन चाहेमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा आई निवेदन दर्ता गराइसक्नु पर्नेछ। आफूले कबुल गरेको रकम अंक र अक्षर दुबैमा केरमेट नगरि प्रष्ट बुझिने गरि लेख्नुपर्नेछ साथै सम्भव भएसम्म टेलिफोन नम्बर समेत उल्लेख गरि शिलबन्दी गोप्य निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. कार्यालयको कम्पाउण्डभित्र पूर्वमा कार्यालयको पूर्वी पर्खाल, पश्चिममा कार्यालय प्रमुखको आवास भवनको पछाडिसम्म, उत्तरमा कार्यालयको उत्तरी पर्खाल, दक्षिणमा कार्यालयको दक्षिण कम्पाउण्ड; निकासी कुलोभित्रको वनमारा, झाडी फडानी गरेर सफा गरि उत्पादित घाँस कटान गरि कार्यालय परिसरको सरसफाई गर्नु पर्नेछ।
२. कम्पाउण्डभित्रको फूलको तथा डालेघाँसका बोटविरुवाहरु पूर्ण रुपमा संरक्षण गर्नुपर्नेछ।
३. यस कम्पाउण्डभित्र रहेका अन्य डाले घाँसका बोटविरुवाहरु काट्न/क्षति गराउन पाइने छैन।
४. कबुल गर्ने व्यक्तिले आफूले कबुल गरेको अंकको ५ प्रतिशत हुन आउने बराबरको रकम धरौटी वापत प्रदेश लेखा नियन्त्रण कार्यालय, गण्डकी प्रदेश, कास्कीको राष्ट्रिय वाणिज्य बैंक पृथ्वीचोक शाखाको धरौटी खाता नं ३०२०१००२०२०३०००० मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ। साथै स्वीकृत हुने निवेदकले स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा सम्झौता गर्न आउँदा राजस्व शीर्षक नं. १४२१९ मा जम्मा गरेको सक्कलै राजस्वको बैंक भौचर पेश गर्नु पर्नेछ।
५. भुईं घाँसको न्यूनतम अंक रु. १०,०००/- (अक्षेरुपी दश हजार मात्र) तोकिएकाले सो भन्दा बढी बोल कबुल गरि निवेदन पेश गर्नुपर्नेछ र सबैभन्दा बढी कबुल गरेको निवेदनकर्ताको निवेदन स्वीकृत गरिनेछ। स्वीकृत निवेदक सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरिनेछ। त्यसपछिको सबैभन्दा बढी अंक कबुल गरेको निवेदकको निवेदन स्वीकृत गरिनेछ।
६. शिलबन्दी निवेदन स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा रहेको छ।
७. घाँस काट्ने व्यक्तिले झाडी सरसफाई लगायत घाँसको सुरक्षाको प्रबन्ध आफै गर्नु पर्नेछ। सो क्षेत्रमा घाँस खेती तथा अन्य खेतीपाती गर्न पाइने छैन साथै कार्यालयको तर्फबाट दिइएको आदेश/निर्देशनको अटेर गरेको पाइएमा कबुल गर्नेको बिना स्वीकृति पनि निजको धरौटी रकमबाट उपरोक्त कार्यका लागि आवश्यक रकम खर्च गरि निजलाई जानकारी दिन सकिने छ।
८. प्राप्त निवेदन सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौ) दिनको २ (दुई) बजे यस कार्यालयमा खोलिने छ। तर उक्त दिन सार्वजानिक बिदा पर्न गएमा सो दिनको भोलिपल्ट सोहि समयमा पनि खोलिने छ।

कार्यालय प्रमुख

# 'जलविद्युत्‌ले'ले बदलिएको गाउँ

**– सन्तोष गौतम**
**म्याग्दी, १९ साउन (रासस)**

जिल्लाको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा ४९ मेगावाट क्षमताका तीनवटा जलविद्युत् आयोजना निर्माण भएका छन्। कालीगण्डकी, म्रिस्ती, नीलगिरि, घलेम्दी, रेले र नारच्याङ खोलामा थप ११६ मेगावाट क्षमताका तीनवटा आयोजना निर्माणाधीन र १३९.९४ मेगावाट क्षमताका चारवटा आयोजना निर्माणको प्रक्रियामा छन्।

निर्माण भएका र निर्माणका क्रममा रहेका जलविद्युत् आयोजनाले नारच्याङमा चहलपहल र आर्थिक गतिविधि बढाएको छ । वडाध्यक्ष चन्द्रप्रकाश फगामी भौतिक पूर्वाधार, सामाजिक, आर्थिक, कृषिलगायत समग्र विकासमा जलविद्युत् आयोजनाहरुबाट महत्वपूर्ण योगदान भएको बताउनुहुन्छ।

"कल्पनासम्म नगरेको अक्करे भिर छिचोलेर गाडी गुडेका मात्र छैनन्, घरघरमा रोजगारी र आम्दानीको अवसर सिर्जना भएको छ", उहाँले भन्नुभयो, "जलविद्युत् आयोजना भित्रिएसँगै गाउँका कच्ची घर पक्कीमा रूपान्तरण भइरहेका छन्।"

जग्गाको भाउ आकासिएको छ । चार सय ५० घरधुरीमा एक हजार ६०० जनसङ्ख्याको बसोबास भएको नारच्याङका जलविद्युत् आयोजनाहरुमा काम गर्न त्योभन्दा बढी सङ्ख्यामा मानिस बाहिरबाट आएका छन्।

वडाध्यक्ष फगामीका अनुसार प्रतिरोपनी रु ३० देखि ३५ लाखमा जग्गा खरिदबिक्री हुन थालेको छ। अवसर र रोजगार खोज्दै शहर बजार, पसेका र विदेसिएकाहरु गाउँ फर्किन थालेका छन्। बसाइँसराइ रोकिएको छ । गाउँमै प्राविधिक विषयको विद्यालय सञ्चालन तथा स्वास्थ्य संस्थाको भवन बनेका छन्। जलविद्युत् आयोजनाले निर्माण गरेको सडक, बेली ब्रिज, भवनलगायत पूर्वाधारले स्थानीयवासीलाई सुविधा पुगेको छ । जग्गाको मुआब्जा, व्यापार, कृषि, पशुपालन, होटेल, रेष्टुरेन्ट, ठेक्का-पट्टा, ढुवानी, यातायात व्यवसाय, सेयर लगानी र ज्याला मजदुरीबाट गाउँलेको आर्थिक हैसियत फेरिएको स्थानीय अगुवा तेज गुरुङले बताउनुभयो। "प्रत्यक्ष र अप्रत्यक्षरूपमा गाउँमै धेरै सम्भावना र अवसर सिर्जना भएको छ", उहाँले भन्नुभयो, "आयोजनाहरुले सामाजिक उत्तरदायित्वका कार्यक्रमबाट शिक्षा, स्वास्थ्य, सीप विकास र पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ ।" निर्माणका क्रममा हुने वातावरणीय क्षतिको असर न्यूनीकरणका लागि जलविद्युत् आयोजनाहरुले कूल लागतको शून्य दशमलव ७५ प्रतिशत सामाजिक उत्तरदायित्वका कार्यक्रमका लागि विनियोजन र खर्च गर्नुपर्ने हुन्छ। जलविद्युत् आयोजनाले सरकारलाई तिर्ने रोयल्टी (सलामी दस्तुर) मध्ये सङ्घीयलाई ५०, प्रदेश र पालिकालाई २५/२५ प्रतिशतका दरले बाँडफाँड हुने संवैधानिक व्यवस्था छ।

सामाजिक उत्तरदायित्वका कार्यक्रममार्फत नारच्याङका सामुदायिक विद्यालयका निजी स्रोतका शिक्षकको तलबभत्ता, वृक्षरोपण, सीपमूलक तालीम, जैविक विविधताको खोज अनुसन्धान र संरक्षण, पर्यटन प्रवर्द्धनलाई सहयोग पुग्ने कार्यक्रम गरिएका छन्।

हालै निर्माण सकिएको म्रिस्तीखोला जलविद्युत् आयोजनाको वातावरणीय एकाइका प्रमुख रामकुमार खड्काका अनुसार प्रभा माविका तीनजना निजी स्रोतका शिक्षकका लागि सात वर्ष तलबभत्ता उपलब्ध गराइएको थियो । प्रभा माविले दुई वर्षदेखि हाइड्रो इन्जिनीयरिङ विषयको पठनपाठन सञ्चालन गरेको छ। क्रान्ति, नीलगिरि, धवलागिरि र नारच्याङ आधारभूत विद्यालयका प्रावि तहका एक/एकजना शिक्षकलाई सात वर्ष सामाजिक उत्तरदायित्व कार्यक्रममार्फत म्रिस्तीखोलाले तलबभत्ता व्यवस्था गरेको थियो।

नारच्याङ स्वास्थ्य चौकीको भवन निर्माणका लागि जग्गा खरिद गर्न रु पाँच लाख, शिवालय मन्दिर निर्माणमा रु पाँच लाख सहयोग गरेको म्रिस्तीखोलाले स्थानीयवासीलाई घरबास, च्याउ खेती, सवारी चालक, इलेक्ट्रिसियनसम्बन्धी तालीम प्रदान गरेको थियो। निर्माणाधीन नीलगिरिखोला जलविद्युत् आयोजनाले प्रभा मावि परिसरमा रु १५ लाख खर्चेर चमेनागृहको भवन निर्माण गरेको छ । म्रिस्तीखोला जलविद्युत् आयोजनाले २०७१ सालमा कालीगण्डकी नदीमाथि बेली ब्रिज राखेपछि नारच्याङ सडक सञ्जालमा जोडिएको थियो । बैंसी र पटारको सिमानास्थित म्रिस्तीखोला र बाँधदेखि सुरुङमा जाने थप दुईवटा बेली ब्रिज बनाएको म्रिस्तीखोलाले १४ किलोमिटर सडक निर्माण गरेको छ।

रेलेखोला जलविद्युत् आयोजना निर्माणस्थल जाने सडक निर्माण भएपछि नारच्याङको बैंसीदेखि लेकगाउँ गत वर्ष सडक सञ्जालमा जोडिएको थियो । स्थानीयवासी, तत्कालीन जिविस र गाउँपालिकाले रु एक करोडभन्दा बढी खर्च गरे पनि बैंसीदेखि लेकगाउँ जोड्ने सडकको बीचमा रहेको पहाड छिचोल्न नसकेर अलपत्र परेको थियो । जलविद्युत् आयोजनाले विस्फोटक पदार्थ र उपकरण प्रयोग गरेर अक्करे पहाड छिचोलेर गाउँमा सडक पुगेको लेकगाउँका श्याम पुर्जाले बताउनुभयो। "पाँच वर्षदेखि निरन्तर प्रयास गर्दा पनि सडक निर्माण गर्न सकेका थिएनौँ", उहाँले भन्नुभयो, "आयोजनाले सडक बनाएपछि स्थानीयवासीलाई पनि आवतजावत, ढुवानी र निकासीमा सहज भएको छ।" म्रिस्तीखोलाले सेनाको शिविर राख्न बैंसीगाउँमा बनाएको भवनमा अन्नपूर्ण गाउँपालिकाले गत पुस महिनादेखि २५ शय्या क्षमताको कोरोना अस्पताल सञ्चालन गरेको छ। नारच्याङवासीको आर्थिक हैसियतमा पनि जलविद्युत् आयोजनाहरुले परिवर्तन ल्याएका छन् । उच्च र मध्यम वर्गकाले व्यापारसँगै आयोजनाहरुमा ठेक्कापट्टा, गाडी, ट्र्याक्टर, एक्साभेटर, ब्याकुहोलोडर भाडामा लगाएका छन्। न्यून वर्गकाले दैनिक ज्याला मजदुरी गरेर गाउँमै रोजगारी र आम्दानीको अवसर पाएका छन् । गत वर्ष म्रिस्तीखोला जलविद्युत् आयोजनामा प्रभावित क्षेत्रका बासिन्दाले १७ लाख तीन हजार ५१२ कित्ता सेयर लगानी गरेका थिए । धितोपत्र बोर्डमा गत हप्ता म्रिस्तीको प्रतिकित्ता सेयर ९७० का दरले कारोबार भएको थियो। सेयरको भाउ करिब १० गुणाले बढेपछि लगानी गरेका नारच्याङवासी उत्साहित छन्। संस्थापक सेयर लगानी गरेका उनीहरुले दुई वर्षपछि किनबेच गर्न पाउँछन्।

### एकै वडामा १० आयोजना

विसं २०४५ मा नेपाल विद्युत् प्राधिकरणले दुई मेगावाट क्षमताको तातोपानी साना जलविद्युत् आयोजना निर्माण गरेको नारच्याङमा २०७६ सालमा म्याग्देलीहरुको अगुवाइमा पाँच मेगावाट क्षमताको घलेम्दीखोला जलविद्युत् आयोजना निर्माण भएको थियो । विसं २०७३ जेठदेखि माउन्टेन इनर्जी नेपालले निर्माण शुरु गरेको ४२ मेगावाट क्षमताको म्रिस्तीखोला जलविद्युत् आयोजनाले गत असारदेखि व्यावसायिक उत्पादन शुरु गरेको छ । नीलगिरिखोला हाइड्रोपावर लिमिटेडले एकै साथ ३८ मेगावाट क्षमताको नीलगिरि-१ र ७१ मेगावाट क्षमताको नीलगिरि-२ जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । रु १३ अर्ब लागत अनुमान गरिएको दुईवटै आयोजना सन् २०२२ को डिसेम्बरमा सम्पन्न गर्ने लक्ष्य राखिएको इन्जिनीयर केशव वाग्लेले बताउनुभयो।

ह्युम कन्सल्ट प्रालि प्रवर्द्धक रहेको छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजनाले नारच्याङको बैंसी गाउँको सिरानमा रहेको म्रिस्तीखोला जलविद्युत् आयोजनाको आउटलेटदेखि बाँधसम्म १४ किलोमिटर दूरीको पहुँचमार्ग निर्माण गरेको छ।

कम्पनीका प्रतिनिधि होमनाथ पाण्डेले बाँध, पाइपलाइन र विद्युत् गृह निर्माण शुरु गर्ने तयारी भएको बताउनुभयो । सुपर घलेम्दी हाइड्रोपावर प्रालिले बनाउने ९.१४ मेगावाट क्षमताको सुपर घलेम्दी जलविद्युत् आयोजनाको दुई वर्षअघि नेपाल विद्युत् प्राधिकरणसँग विद्युत् खरिदबिक्री सम्झौता भएको थियो।

कालीगण्डकी हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको १६४ मेगावाट क्षमताको कालीगण्डकी गर्ज जलविद्युत् आयोजनाको विद्युत् गृह नारच्याङमा बनाउन प्रस्ताव गरिएको छ । कालीगण्डकी गर्ज लगानीकर्ताको खोजीमा छ।

माउन्टेन इनर्जी नेपालले म्रिस्तीखोलाको विद्युत्‌गृहबाट निस्कने पानीलाई प्रयोग गरेर अर्को १२ मेगावाट क्षमताको म्रिस्तीखोला दोस्रो जलविद्युत् आयोजना निर्माणका लागि वातावरणीय अध्ययन थालेको छ। हाइड्रो सपोर्ट प्रालि प्रवर्द्धक रहेको ५३.५३ मेगावाट क्षमताको मध्य कालीगण्डकी जलविद्युत् आयोजनाको बाँध अन्नपूर्ण गाउँपालिकाको नारच्याङ र दानाको सिमानामा बनाउन प्रस्ताव गरिएको छ।

### तयार छ प्रसारण लाइन

कालीगण्डकी र आसपासका नदीहरुमा निर्माण भएका र निर्माणाधीन जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्‌लाई राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न नेपाल विद्युत् प्राधिकरणले नारच्याङको छिमेकी वडा दानामा २०७७ माघमा २२० केभी क्षमताको सबस्टेशन बनाएको थियो। दानादेखि पर्वतको खुर्कोटसम्म ११० वटा टावर बनाएर ३९.६ किलोमिटर डबल सर्किटको तार तानिएको छ।

सबस्टेशन र प्रसारण लाइन बनाएपछि भने कालीगण्डकी र आसपासका क्षेत्रमा जलविद्युत् आयोजना निर्माणमा लगानीकर्ताको सक्रियता बढेको नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वउपाध्यक्षसमेत रहनुभएका घलेम्दीखोलाका सञ्चालक प्रमोद श्रेष्ठले बताउनुभयो।

# सबै विद्यालय बन्द गर्न प्रशासनको निर्देशन

**पोखरापत्र संवाददाता**
**दमौली, १९ साउन**

जिल्ला प्रशासन कार्यालय तनहुँले सबै विद्यालय बन्द गर्न निर्देशन दिएको छ । कोभिडको जोखिम कायमै रहेको र विद्यालय खोल्ने अनुमति नभए पनि निजी तथा सामुदायिक विद्यालय सञ्चालनमा आएका थिए।

यसबारेमा राससले सोमबार समाचार प्रकाशन गरेको थियो। प्रशासनको समन्वयमा सोमबार बसेको बैठकले सबै विद्यालय बन्द गर्न निर्देशन दिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । उक्त बैठकमा प्याब्सन, एनप्याब्सन, व्यास नगरपालिकाका शिक्षा प्रमुख लगायतको सहभागिता थियो । सहायक प्रमुख जिल्ला अधिकारी बरालले सिसिएमसीले निर्णय नगरेसम्म विद्यालय सञ्चालन गर्न नपाइने बताउनुभयो। "विद्यालय सञ्चालनका लागि प्रशासनले अनुमति दिएको छैन, कोरोना जोखिम कायमै रहेको अवस्थामा विद्यालय बन्द गर्न निर्देशन दिएका छौँ", बरालले भन्नुभयो।

व्यास नगरपालिका शिक्षा शाखाका प्रमुख नगेन्द्रप्रसाद रेग्मीले विद्यालय खोल्ने अनुमति नभए पनि कतिपय विद्यालयले आफूखुशी विद्यालय सञ्चालन गरेको बताउनुभयो । "विद्यालय खोल्यौँ भनेर कतिपय विद्यालय सञ्चालकहरुले जानकारी गराउनुभएको छ तर हामीले खोल्ने अनुमति दिएका थिएनौँ", उहाँले भन्नुभयो, "कोभिड जोखिम कायमै रहेकाले अहिले विद्यालय नखोल्नुस् भनेका थियौँ ।" तनहुँमा साउन २० गतेसम्म निषेधाज्ञा कायमै छ तर विद्यालयले सबै विद्यार्थीलाई विद्यालयमै बोलाएर भौतिकरूपमा कक्षा सञ्चालन गरिरहेका थिए।

जिल्लामा निषेधाज्ञा खुकुलो भएसँगै कोरोना सङ्क्रमण थप वृद्धि भइरहेको छ । यस्तो जोखिमकै बीचमा विद्यालय सञ्चालनमा आएपछि बालबालिका झनै जोखिममा परेका थिए।

# मनाङलाई स्थलमार्गसँग जोड्न सडक डिभिजनले थाल्यो काम

**पोखरापत्र संवाददाता**
**मनाङ, १९ साउन**

लामो समयदेखि सडक सञ्जालबाट विच्छेद बनेको मनाङलाई जोड्न सडक डिभिजन कार्यालय लमजुङले काम थालेको छ । गत असार १ गते आएको बाढीपहिराले डुम्रे-बैंसीशहर-खाङ्सार सडकको करिब ८० प्रतिशत खण्डमा क्षति पुगेको छ।

क्षति पुगेको सडक सञ्जाल पुनः सञ्चालनमा ल्याउनका लागि स्थानीय तह, प्रदेश र सङ्घ सरकारसँग पहल गर्दै मनाङका जनप्रतिनिधिले मर्मतको काम गरिरहेका छन् । सम्बन्धित निकायबीच समन्वय गरी मनाङलाई सडक सञ्जालसँग जोड्न लागिपरेको प्रतिनिधिसभा सदस्य पाल्देन छोपाङ गुरुङले बताउनुभयो। उहाँका अनुसार जनप्रतिनिधि विपद्‌मा परेका स्थानीयवासीको उद्धारसँगै सडक सञ्जालसँग जोड्न लागिपरिरहेका छन् । "मैले सडक नै प्रमुख आवश्यकता मानेको छु, स्थानीय तहदेखि केन्द्रसम्म गरेको प्रयासले सार्थकता पाउँदै आएको छ, केही ठाउँमा सडक पुनः सञ्चालन गर्न सकिएको छ, अब एकदम अप्ठ्यारो ठाउँमा कसरी बाटो खुलाउने र बाटोलाई कसरी दिगो बनाउने भनेर सडक विभागलगायतका सम्बन्धित निकायहरुसँग समन्वय गरिरहेको छु", सांसद गुरुङले भन्नुभयो।

जिल्लाकै 'लाइफलाइन'का रूपमा रहेको सडकखण्ड अवरुद्ध हुँदा मनाङवासीलाई दैनिकी चलाउन धौ-धौ भएको छ। बाढीपहिराका कारण घरवारविहीन बनेका यहाँका बासिन्दालाई एक गाउँबाट अर्को गाउँ आवतजावत गर्न समेत कठिनाइ छ । साथै जिल्लामा आवतजावत गर्न सहज वातावरण तयार गर्नुपर्ने अवस्था छ। यसका लागि जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय तथा स्थानीय सरकारको सहकार्यमा काठे पुल, फड्के र गोरेटो बाटो निर्माण गरी मानिसको आवागमन केही हदसम्म सहज बनाइएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले जानकारी दिनुभयो । उहाँका अनुसार सदरमुकाम चामेको पक्की पुल थुनिँदा बाढीको कटानले सामुदायिक तथा व्यक्तिगत संरचनामा क्षति पुगेको थियो । हाल नदीको धार पहिलाकै अवस्थामा फर्काइएपछि दुई गाउँपालिकाबीच आवतजावत भएको छ। "बाढीपहिराका कारण जनतासँगै म पनि त्रिपालमुनि बसेर सहयोग गरिरहेको छु, दुःखसुखमा स्थानीय सरकार अभिभावकका रूपमा रहेको आभास गराउने प्रयासमा लागिपरेको छु", अध्यक्ष घलेले भन्नुभयो । यस्तै मनाङका अधिकांश जनप्रतिनिधिले नै डेढ महिनादेखि त्रिपालमुनि बसेर सहयोग र साथ दिँदै आएका छन्। बाढीपहिराले चारवटै गाउँपालिका जोड्ने सडकमा क्षति पुगेपछि जनजीवन प्रभावित हुनाका साथै कठिनाइ भइरहेको छ । बाढीले माथिल्लो मनाङको वडा नं १ पिसाङदेखि चामे गाउँपालिकाको पाँचवटै वडा र नासों गाउँपालिकाका सबै वडा पूर्णरूपमा प्रभावित भएको प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बताउनुभयो।

उहाँका अनुसार मनसुनको प्रभाव निरन्तर परिरहेकाले समयमा काम गर्न कठिनाइ भएको छ। हाल मौसम अनुकूल भएसँगै सडक प्राथमिकतामा राखेर काम अगाडि बढाइएको उहाँले बताउनुभयो। कम क्षति पुगेको ठाउँका सडक स्थानीय तहको सहकार्यमा प्राविधिक टोलीले मर्मतको काम गरिरहेको सडक डिभिजन लमजुङका इन्जिनीयर सुमन अधिकारीले जानकारी दिनुभयो । "सडक स्तरोन्नतिको काम गरिरहेको अवस्थामा बाढीपहिराले क्षति पुऱ्याएको थियो, बाढीपहिराको जोखिम कम हुने बित्तिकै कामलाई निरन्तरता दिएका छौँ", अधिकारीले भन्नुभयो।

सडक सञ्जाललाई पूर्णरूपमा सञ्चालनका लागि नेपाली सेनाका इन्जिनीयर इन्दिवर गुरुङको प्राविधिक टोली र सडक डिभिजन कार्यालयका प्राविधिकले अनुगमन तथा निरीक्षणपश्चात् प्रतिवेदन सम्बन्धित निकायलाई बुझाइसकेका छन्। जिल्लाभित्रका केही ठाउँमा सवारी आवगमन पुनः सञ्चालन भएका छन्। मनाङ डिस्याङ गाउँपालिकाको पिसाङदेखि खाङ्सारसम्म, चामे गाउँपालिकाको तिमाङदेखि मनाङ डिस्याङ गाउँपालिकाको सिमानासम्म र लमजुङको सदरमुकाम बैंसीशहरदेखि मनाङ जिल्लाको सिमानासम्म हाल यातायात सञ्चालन भएको सडक डिभिजन कार्यालय लमजुङले जनाएको छ। यस सडकखण्डको १०७ किलोमिटरमध्ये लमजुङतर्फको ३५ किलोमिटर अस्थायीरूपमा सञ्चालन भएको छ भने मनाङतर्फको करिब १२ किलोमिटर सञ्चालनमा आए पनि अझै ६० किलोमिटर सडक मर्मत गर्न बाँकी रहेको छ।


## ग्रीजी स्क्रिनिंग भाइब्रेटर मेसिन निर्माण तथा संचालनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/04/२०)**

गण्डकी प्रदेश,स्याङ्जा जिल्लामा श्री भिर्कोट नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | भिर्कोट नगरपालिका, गण्डकी प्रदेश नेपाल ! |
| प्रस्तावको व्यहोरा | ग्रीजी स्क्रिनिंग भाइब्रेटर मेसिन प्लान्ट निर्माण तथा संचालन |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा. | स्याङ्जा जिल्ला, भिर्कोट नगरपालिका वडा नं. १ |
| जग्गा | भिर्कोट नगरपालिका वडा नं. १ आधिखोला किनारमा रहेको १५ रोपनी सार्बजनिक र भाडा सम्झौता गरिएको जग्गा |
| उत्पादन क्षमता दैनिक | गिट्टी, बालुवा, चिप्स धुलो २५० मेट्रिक टन |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागी पत्राचार गर्ने ठेगानाः**

१) भीरकोट १, बयरघारी स्याङ्जा, गण्डकी प्रदेश, नेपाल फोनः ०६३-४००१०६, ०६३-४००१०७
इमेलः info@bheerkotmun.gov.np

२) ग्रिनहेराल्ड ईन्भायरोमेन्ट एण्ड ईन्जिनियरिङ्ग कन्सल्ट प्रा. लि.
काठमाडौं, बानेश्वर-१०,फोनः ९८४६४०४११८
इमेलः gheec123@gmail.com


# तनहुँका उद्योगमा लगानी बढ्यो

**पोखरापत्र संवाददाता**
**दमौली, १९ साउन**

तनहुँ जिल्लामा स्थापित उद्योगमा लगानी बढेको छ।

आर्थिक वर्ष २०७७/७८ मा जिल्लामा दर्ता भएका उद्योगमा रु दुई अर्ब ७० करोड ९० लाख लगानी भएको घरेलु तथा साना उद्योग कार्यालय तनहुँले जनाएको छ। सो अवधिमा दुई हजार एक उद्योग दर्ता भएका छन् । गत आर्थिक वर्षमा जिल्लामा तीन हजार ५१५ उद्योग थपिएका थिए। ती उद्योगमा रु एक अर्ब ८९ करोड ५२ लाख ६० हजार ६५९ लगानी भएको थियो । आव २०७६/७७ भन्दा आव २०७७/७८ मा उद्योग दर्ता सङ्ख्या घटे पनि लगानी भने वृद्धि भएको कार्यालयका प्रमुख नारायण ढकालले जानकारी दिनुभयो । एक वर्षको अवधिमा जिल्लामा कृषि तथा वनजन्य उद्योग सबैभन्दा बढी दर्ता भएको छ। कृषि तथा वनजन्यतर्फ एक हजार २१९ उद्योग दर्ता भएका छन्। गत वर्ष कृषि तथा वनजन्यतर्फ ६०० मात्रै उद्योग दर्ता भएका थिए।

कृषि र पशुपालनमा युवाको आकर्षण बढेसँगै कृषिसम्बन्धी उद्योग दर्ता वृद्धि भएको उहाँले बताउनुभयो। "कोरोना कहरका कारण वैदेशिक रोजगारीबाट फर्किएका युवाले गाउँमै उद्यम शुरु गरेका छन्", उहाँले भन्नुभयो । कृषि तथा वनजन्यतर्फ दुग्ध डेरी, गाईपालन, बाख्रापालन, कुखुरापालन, मौरीपालन, माछापालन, तरकारी खेतीतर्फ आकर्षण बढ्दो छ। यसैगरी उत्पादनमूलकतर्फ १२९, निर्माणतर्फ १९, पर्यटनतर्फ ३२३ र सेवामूलकतर्फ ३११ उद्योग दर्ता भएका छन् । दर्ता भएका उद्योगको वार्षिक उत्पादन क्षमता रु एक अर्ब २६ करोड १० लाख २६ हजार ३७४ रहेको छ। दुई हजार एक उद्यमी बन्दा ती उद्योगले पाँच हजार ८१५ लाई रोजगारी दिएको छ। रोजगारी पाउनेमा दुई हजार ८३५ महिला र दुई हजार ९८० पुरुष छन्।

यसैगरी कार्यालयले रु ६६ लाख ३१ हजार ७५० राजश्व सङ्कलन गरेको छ । उद्योग दर्तामार्फत रु ३७ लाख ७७ हजार ७००, पुँजीवृद्धिमार्फत रु सात लाख ८० हजार ५०० र अन्यमार्फत रु २० लाख ७३ हजार ५५० राजश्व सङ्कलन भएको छ। रु एक लाखसम्म पूँजी भएको उद्योगले रु एक हजार १००, तीन लाखसम्म पूँजी भएको उद्योगले रु तीन हजार १००, रु पाँच लाखसम्म पूँजी भएको उद्योगले रु छ हजार १००, रु ५० लाखसम्म पूँजी भएको उद्योगले रु १२ हजार १००, रु एक करोडसम्म पूँजी भएको उद्योगले रु २० हजार १००, रु पाँच करोडसम्म पूँजी भएको उद्योगले रु ३० हजार १०० र रु पाँच करोडभन्दा माथि पूँजी भएको उद्योगले रु ५० हजार ११० दर्तावापत शुल्क बुझाउनुपर्छ।

कार्यालयमा सोही अवधिमा ७२१ उद्योग नवीकरण, १३८ उद्योग नामसारी, ११ उद्योग ठाउँसारी र १२४ उद्योगले उद्देश्य थप गरेका छन्। ८५ उद्योगले लगत कट्टा, १४६ उद्योगले सुविधा सिफारिश, १८८ उद्योगले प्रतिलिपि र १४४ ले पूँजी वृद्धि गरेका छन्।